श्री कञ्चनपुर जिल्ला अदालतबाट सर्वसाधारणका लागि जारी भएको साईकल,मोटरसाईकल फर्निचर, चिरान र गोलिया काठ लिलाम बिक्री सम्बन्धी सूनचा।

<u>प्रकाशित मिति २०७४ साल माघ २८ गते</u>

यस अदालतमा विभिन्न मुद्दामा दशी स्वरुप दाखिल हुन आएको अदालतको अन्तिम फैसला बमोजिम जफत हुने ठहरेको र विचाराधिन अवस्थामा रहेको विभिन्न मुद्दाहरुमा यस अदालतको जिन्सीमा आम्दानी बाँधिएका साईकल,मोटरसाईकल फर्निचर, चिरान र गोलिया काठहरु जिल्ला अदालत नियमावली २०५२ को नियम ९०(क) र ९०(ख) बमोजिम लिलाम गर्नु पर्ने भई मिति २०७४।१०।१८ मा बसेको मुल्यांकन समितिको बैठकले तोकेको मूल्यमा लिलाम सूचना जारी गर्नु भनि टिप्पणी आदेशानुसार उल्लेखित साईकलहरु, फर्निचर, चिरान र गोलिया काठ मिति २०७४ साल फाल्गुन १४ गते र मोटरसाईकलहरु को मिति २०७४ साल फाल्गुन १५ गते मा लिलाम हुने भएकोले बढाबढ गरी लिलाम सकार गर्न चाहने सर्वसाधरण नेपाली नागरिक सबैको निमित्त निम्न शर्तहरु सहित यो सूचना प्रकाशित गरिएको छ।

| सि.न. | विवरण | परिमाण | दर | फैसला मिति | न्युनतम मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | यस अदालतमा मौजुदा हालतमा रहेका साईकलहरु | | | - | २५००।- | |
| २ | तयारी झ्याल जिना भेन्टिलेसन कडी समेत | ३३.१५ क्यू.फी. | ८००।- | २०७३।३।८ | २६५२१।६० | |
| ३ | गोलिया | ८.७२ | ३०० | २०७३।११।२४ | २६२८।- | |
| ४ | चिरान | ३६.२६ | ८०० | २०७३।११।२४ | २९००८।- | |
| ५ | म.१.प.९००० नं.को मोटरसाईकल | | | २०६६।१२।२० | २००००।- | |
| ६ | म.१.प.१६४६ नं.को | | | २०६७।१२।२० | ३५०००।- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मोटरसाईकल | | | | | |
| ७ | UP26M8126 | | | २०७२।२।२५ | १३०००।- | |
| ८ | से.२.प.६९७९ | | | | २२०००।- | |
| ९ | से.२.प.५२२० | | | २०७१।७।१० | २५०००।- | |
| १० | UA069-2963 | | | २०७३।११।४ | १२०००।- | |
| ११ | से.१.प.४३९९ | | | २०६८।१२।१ | १५०००।- | |
| १२ | म.१.प.७८४ | | | २०६७।१२।२० | १२०००।- | |

१. लिलाम मिति २०७४।११।१४ गते देखि बढाबढ सहभागी हुनेले निवेदन साथ रु २००।- बुझाई यस अदालतको तहसिल शाखामा दिनको १०.०० बजे देखि कार्यालय समय सम्म लिलाम बोल कबोल गर्न सकिने छ।

२.न्युनतम मूल्य भन्दा कममा लिलाम बोल्न पाईने छैन।

३.लिलाम हुने सवारी साधनहरु प्रचलित नेपाल कानुन बमोजिम नेपाल सरकारको नियम विपरित नहुने गरी प्रयोग गर्न पाईनेछ।

४.मोटरसाईकलहरु अलग अलग बढाबढ हुनेछ र काठहरुको हकमा फर्निचर, चिरान र गोलिया काठ एकमुष्ट बढाबढ हुनेछ।

५.लिलाम बढाबढ हुँदा सबै भन्दा बढी कबोलबोल गर्नेलाई लिलाम साकार गराईने छ।

६.लिलाम साकार गर्ने डाँक बोल्नु अघि नै न्यूनतम मूल्यको १०% ले हुने नगद धरौटी राख्नु पर्नेछ। डाँक अंक मोटरसाईकलका हकमा ५०० र काठहरुको हकमा रु १०००।-बढाउदै सोही अनुसार धरौटी थप गर्दै जानु पर्नेछ। लिलाम साकार गर्नेले बाँकी रकम लिलाम भएको मिति बाट ७ दिन भित्रमा दाखिला गर्नु पर्नेछ। ७ दिन भित्र रकम दाखिल नगरे लिलाम भएको दिन धरौटीमा दाखिल हुन आएको १०% रकम जफत हुनेछ साथै पुनःलिलामको सूचना प्रकाशन गरिनेछ।

७.उल्लेखित सवारी साधनहरु जे जुन अवस्थामा छ सोही अवस्थामा लिलाम गरिनेछ।

८.लिलाम साकार गरेको १५(पन्ध्र) दिन भित्र साकार गरेका साईकल,मोटरसाईकल फर्निचर, चिरान र गोलिया काट उठाई लैजानु पर्नेछ।

९.सवारी साधन आ-आफ्नो नाममा दर्ता गराउने दायित्व लिलाम सकार गर्ने कै हुनेछ र दर्ता गराउँदा नियमानुसार लाग्ने अन्य दस्तुर समेत लिलाम साकार गर्नेले नै बेहोर्नु पर्नेछ।

१०.यस सम्बन्धमा थप कुराहरु बुझ्न परे यस अदालतको तहसिल शाखामा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ।

११.लिलाम सम्बन्धी सम्पूर्ण अधिकार यस अदालतलाई हुनेछ।